


# एज्ड केयर होम्स (वृद्धवृद्धा हेरचाह गृह) मा 24/7 (चौबिसै घण्टा सातै दिन) रजिष्टर्ड नर्सहरू

**1 जुलाई 2023 देखि सबै एज्ड केयर होम्सले हेरचाह गृहमा बस्ने मानिसहरूका लागि हेरचाह गर्न निवासमा कम्तिमा एक रजिष्टर्ड नर्स सबै समयको लागि उपलब्ध गराउनै पर्छ - दिनको 24 घण्टा, हप्ताको प्रत्येक दिन।**

यसको अर्थ अस्ट्रेलियाभरि एज्ड केयर होम्समा बस्ने मानिसहरूले उनीहरूको हेरचाहमा सहयोग गर्न र आपतकालिन अवस्थाहरूलाई सम्हाल्न रजिष्टर्ड नर्सहरूमा राम्ररी पहुँच बढाउनु हो।

## यो किन महत्वपूर्ण छ?

दिन वा रातको कुनै पनि समयमा रजिष्टर्ड नर्स उपलब्ध हुनुको अर्थ एज्ड केयर निवासीहरूलाई जुनसुकै बेला पनि आवश्यक पर्दा क्लिनिकल हेरचाहमा पहुँच हुनु हो। रजिष्टर्ड नर्सहरूले अति आवश्यक चिकित्सा उपचार प्रदान गर्न, निवासमा बस्ने मानिसहरूलाई हानी हुने जोखिम कम गर्न र अस्पतालका आपतकालिन कक्षहरूमा अनावश्यकरुपमा जानबाट रोक्न सहयोग पुर्याउनु हो। उनीहरू हेरचाह गृह निवासीहरूका हेरचाह आवश्यकताहरूमा हुने हेरफेरहरू पहिचान गरी सम्बोधन गर्न तालिम प्राप्त छन् र हेरचाह योजनाहरू बारे निर्णयहरू गर्न, र औषधीहरू र आफ्नो सुपरिवेक्षण अन्तर्गतका कर्मचारीहरूको व्यवस्थापन गर्न सक्छन्।

## यदि मेरो एज्ड केयर होममा सधैंभरि रजिष्टर्ड नर्स उपलब्ध छैनन् भने के हुन्छ?

कहिलेकहिं, यो जिम्मेवारी पूरा गर्न एज्ड केयर होम्स सक्षम नहुन सक्छन्। उदाहरणको लागि, रजिष्टर्ड नर्स बिमारी वा घाइते भएर आफ्नो कामको शिफ्टमा अनुपस्थित हुनसक्छ र एज्ड केयर होमले उचित समयमा नै अर्को रजिष्टर्ड नर्सको व्यवस्था गर्न सक्षम नहुन सक्छ। यस्तो अवस्था हुन नदिनको लागि एज्ड केयर होम्ससँग वैकल्पिक योजनाहरू हुनै पर्छ।

अस्ट्रेलियाको केही भागहरू, जस्तै क्षेत्रिय र दुर्गम ग्रामिण क्षेत्रहरूमा एज्ड केयर होम्सले कहिलेकाहिँ वा सबै समयहरूमा हेरचाह गृहमा रजिष्टर्ड नर्स उपलब्ध गराउन गाह्रो हुनसक्छ। एज्ड केयर होम्सलाई थप रजिष्टर्ड नर्सहरू उपलब्ध गराउनको लागि सहयोग गर्न सरकारले उनीहरू सबैसँग मिलेर काम गरिरहेको छ।

जहाँ जनशक्तिको कमीले रजिष्टर्ड नर्सहरू उपलब्ध हुँदैनन्, त्यस अवस्थामा पनि हेरचाह गृह निवासीहरूले सुरक्षित र गुणस्तरीय हेरचाह पाउनको लागि सुनिश्चित गर्न वैकल्पिक प्रवन्धहरू मिलाउन आवश्यक छ।

यदि प्रत्यक्षरुपमा रजिष्टर्ड नर्स त्यहाँ उपस्थित नभए पनि उनीहरूले त्यहाँ बस्ने मानिसहरूको क्लिनिकल हेरचाह आवश्यकताहरू पूरा गर्न सक्छन् भनी विश्वास दिलाएमा क्षेत्रिय र दुर्गम ग्रामिण क्षेत्रहरूमा रहेका केही एज्ड केयर होम्सले 24/7 रजिष्टर्ड नर्स जिम्मेवारीको प्रावधानबाट छुट्कारा पाउन सक्छन्।

कम्तिमा एक रजिष्टर्ड नर्स सधैंभरि उपलब्ध गराउनु पर्ने नयाँ जिम्मेवारी उनीहरूले कसरी पूरा गरिरहेका छन् भनी सबै एज्ड केयर होम्सले मासिक रुपमा रिपोर्ट गर्न आवश्यक छ।

## के 24/7 रजिष्टर्ड नर्स भए-नभएको जानकारी प्रकाशित छ?

Staffing Star Rating [स्टाफिङ्ग स्टार रेटिङ्ग] ट्याबमा गएर My Aged Care 'Find a Provider' ['फाइन्ड अ प्रोभाइडर्'] टुल मार्फत तपाईंले कुन एज्ड केयर होम्ससँग 24/7 रजिष्टर्ड नर्सिङ्ग छन् भनी हेर्न सक्नुहुन्छ: www.myagedcare.gov.au/find-a-provider/

तपाईंले 24/7 RN ड्याशबोर्ड पनि हेर्न सक्नुहुन्छ जुन प्रत्येक महिना प्रकाशित हुन्छ र त्यसले अस्ट्रेलियाका सबै एज्ड केयर होम्सको लागि रजिष्टर्ड नर्स कभरेज देखाउँछ।

## एज्ड केयर होम्समा यदि कर्मचारीहरू बारे मेरो चासोहरू छ भने मैले के गर्न सक्छु?

Aged Care Quality and Safety Commission ले एज्ड केयर होम्समा बस्ने मानिसहरूको गुणस्तरीय जीवनको रक्षा गर्न सहयोग गर्छ। यदि प्रदान गरिएको हेरचाह बारे चासोहरू भएमा, Commission ले सम्बोधन गर्नेछ। यसमा प्रदायकबाट थप जानकारी अनुरोध गर्ने वा प्रदायकलाई कुनै ढिलाइ नगरीकनै कार्य गर्न लगाउने जस्ता कुराहरू समावेश हुनसक्छ।

यदि तपाईंको एज्ड केयर होममा कर्मचारीहरू वा कुनै अन्य मामिला बारेमा चासो भएमा तपाईंले agedcarequality.gov.au/making-complaint वेबसाईटमा वा 1800 951 822 मा फोन गरेर Commission मा उजुरी दिन सक्नुहुन्छ।

### मिलेर एज्ड केयरलाई परिवर्तन गरौं

एज्ड केयर सुधारहरू बारे निरन्तर आफ्नो भनाइ राख्नको लागि हामीले अस्ट्रेलियालीहरूलाई आमन्त्रण गर्छौं।

**agedcareengagement.health.gov.au** मा हेर्नुहोस्

**1800 318 209** फोन गर्नुहोस् (एज्ड केयर रिफर्म नि:शुल्क फोन लाईन)

ट्रान्सलेटिङ्ग एण्ड इन्टरप्रेटिङ्ग सर्भिसेजको लागि 131 450 मा फोन गर्नुहोस् र 1800 318 209 मा सम्पर्क गराउन भन्नुहोस्। National Relay Service प्रयोग गर्न nrschat.nrscall.gov.au/nrs मा हेर्नुहोस् र त्यस वेबसाइटमा आफूलाई उपयुक्त हुने पहुँचयुक्त विधि छान्नुहोस् वा NRS Helpdesk लाई 1800 555 660 मा फोन गर्नुहोस्।